नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को
Consulate General of Nepal
San Francisco

**नयाँ राहदानी बुझिलिने सम्बन्धी सूचना ।**

गत जनवरी २८, २०२६ सम्म यस महावाणिज्यदूतावासमार्फत् राहदानीका लागि आवेदन गर्नुभएका यसैसाथ संलग्न सूचीबमोजिमका ३१४ जना आवेदकहरूको राहदानी तयारी भई महावाणिज्यदूतावासमा प्राप्त भएको जानकारी गराइन्छ। यस सूचीमा नाम नभएका आवेदकहरूको राहदानी काठमाडौंमा छपाई कै क्रममा रहेको हुंदा अर्को सूचीको प्रतिक्षा गर्न अनुरोध गरिन्छ।

**महावाणिज्यदूतावासमा फिर्ती खाम (Return Envelope) बुझाई सक्नुभएका आवेदकहरूको राहदानी अब १-२ दिनभित्रै सम्बन्धित व्यक्तिको ठेगानामा हुलाकमार्फत् पठाइनेछ ।**

महावाणिज्यदूतावासमा स्वयं उपस्थित भएर वा आफ्नो नाम/ठेगानाको फिर्ती खाम (Return Envelope) हुलाकमार्फत् पठाएर राहदानी बुझिलिन सक्नुहुनेछ ।

हुलाकमार्फत् राहदानी बुझिलिन चाहने आवेदकहरूले आफ्नो पूरा नाम र ठेगाना खुलाई फिर्ती खाम (Return Envelope) यस महावाणिज्यदूतावासको नाम र ठेगाना (Name**: Consulate General of Nepal -** Address**: 505 Beach Street, Suite 130, San Francisco, CA 94133**) मा पठाउन सक्नुहुनेछ।

**फिर्ती खाम पठाउँदा आफ्नो पुरानो राहदानी र राजस्व तिरेको रसिदको सक्कल** नै खाममा राखेर पठाउनु होला । **हराएको राहदानी नविकरणको लागि आवेदन गरेको भए राजस्व तिरेको सक्कल रसिद** मात्र खाममा राखेर पठाउनु होला ।

राहदानी बुझिलिनको लागि आवेदक स्वयं आउँदा **पुरानो राहदानी र राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनु पर्नेछ।** हराएको राहदानीको सट्टामा नयाँ राहदानी आवेदन दिएकाहरूको हकमा राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनुपर्नेछ ।

पुनश्चः **यसअघि नै तयार भएर आएका राहदानी बुझिलिन बाँकी रहेका आवेदकहरूले यथाशीघ्र यस महावाणिज्यदूतावासमा सम्पर्क गरी आफ्नो राहदानी बुझिलिनु हुन समेत अनुरोध गरिन्छ ।**

नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को ।
मिति २०८२/१०/२६